**मिति २०७५।०३।८ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको तेस्रो नगरसभाको पहिलो बैठकका निर्णयहरु :**

**नर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को नगर प्रमुख श्री घनश्याम पाण्डे ज्यू द्वारा प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**मिति २०७५।०३।१० गते बसेको तुलसीपुर उपमहानगरपालिकाको तेस्रो नगर सभाको दोस्रो बैठकका निर्णयहरु :**

**नर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका उप–प्रमुख श्री माया शर्माद्वारा आर्थिक ऐन, २०७५, बिनियोजन ऐन, २०७५ र आर्थिक बर्ष २०७५/०७६को नीति तथा कार्यक्रम अध्ययन तथा छलफल गरी आगामी तेस्रो नगरसभा बैठकबाट अनुमोदन हुने गरी प्रस्तुत गरियो ।

**मिति २०७५।०३।२४ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको तेस्रो नगर सभाको तेस्रो बैठकका निर्णयहरु :**

**नर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका उप–प्रमुख श्री माया शर्मा द्वारा आर्थिक ऐन, २०७५, बिनियोजन ऐन, २०७५ र आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम सर्ब सम्मतबाट पारित गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको बन ऐन, २०७५ र शिक्षा ऐन, २०७५ नगर सभामा छलफलका लागि प्रस्तुत गरियो ।

**मिति २०७५।०४।३१ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको तेस्रो नगर सभाको चौथो बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री देबराज बिश्वकर्मा द्वारा प्रस्तुत बन ऐन, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन २०७४ को संशोधन स्वीकृतीका लागि पेश भएका दफाहरु संशोधन स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकामा बिगत देखि बिभिन्न प्रकृयाबाट अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत व्यक्तिहरुको सम्बन्धमा सुशासन समितिले प्रमाणित गरी पेश गरेको पाना यसै निर्णय कितावमा टांस भए बमोजिमका कर्मचारीहरुको २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म म्याद थप गर्ने र बिगतमा काम गरी सेवा सुबिधा लिएको बिषय समेत अनुमोदन निर्णय गरियो । साथै १९ वटै वडामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुको सुशासन समितिले अध्ययन गरी कार्यपालिका बैठकमा आवश्यक कारवाहिका लागि पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ का योजनाहरुको प्रचलित कानुनको अधिनमा रहि शिर्षकान्तर गर्ने अधिकार कार्यपालिका बैठकलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को करका दरहरुलाई नगरसभा बस्ने समय अगावै बीच बीचमा संशोधन गर्नु पर्ने अवस्था श्रृजना भए संशोधन गर्ने साथै चालु आ.ब.मा भूलबस बढि असुल भएको सम्पत्ति कर सम्बन्धीत व्यक्तिलाई नियमानुसार फिर्ता गर्ने अधिकार नगर कार्यपालिका बैठकलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

आर्थिक ऐन २०७५ मा भएको ईटाको करको दरबन्दी पुनरावलोकन गरी रु.१२५।- (एक सय पच्चिस) मा संशोधन गर्ने निर्णय गरियो । साथै यस सम्बन्धमा कार्यपालिका बैठकबाट पारित निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को योजना व्यवस्थापन, अनुगमन, प्राबिधिक खर्चका लागि नगरसभाबाट पारित योजनाहरुको कन्टीन्जेन्सी बापत ३ प्रतिशत सम्बन्धीत योजनाबाट ब्यहोर्ने र सोहि बमोजिम कार्यान्वयन गर्न कार्यपालिका बैठकलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

ईतिहासको संरक्षण, दाङ्गको गौरव तथा पहिचानको बिषय बनेको नेपाल संस्कृत बिश्व बिद्यालय अन्तरगतका सम्पूर्ण केन्द्रिय निकाय, बिभाग र कार्यालयहरुलाई केन्द्रिय कार्यालय रहेको स्थान बेलझुण्डीमा तत्काल स्थानान्तरण गर्नका लागि सम्बन्धीत निकायमा पहल कदमी गर्ने गराउने निर्णय गरियो ।